# यसरी हुन्छ महिला उत्थान

.सरीता देवकोटा

## महिला आवाज

युग एक्काइसौं शताब्दीमा चलिरहेको छ। गतिशील समयसँगै समाजमा महिलाहरु पनि आफ्नो स्तर कायम राख्नका लागि अग्रसर भएको देखिन्छ। हुन त जैविक भिन्नतालाई आधार बनाई महिला र पुरुषमा देखापरेको भिन्नता यद्यपि कायम नै छ तैपनि पछिल्लो चरणमा प्रवेश गर्दा महिलाहरुमा आत्मविश्वास र दूरदर्शिता सँँच तीव्र रुपमा बढेको देखिन्छ। त्यसैले केही हदसम्म महिलाहरुले आफ्नो स्थान अग्रगतितिर डोऱ्याउन सफल भएका छन्। घरको चारैतिरबाट घेरिएर रहेका महिलालाई घरदेखि बाहिर हिड्न पायो भने, अभिभावकीय दायित्व उसको आमा, बाबु, दिदी, दाजु होइन भाइले पहल गर्नुपरेको तीतो यथार्थ हाम्रो सामू छ। छोरी भएकै नाताले उसलाई स्वतन्त्रता दिन नसक्नु परम्परागत सोंचाई र परम्परागत भोगाइ नै हो भन्ने कुरामा द्विविधा रहँदैन। आफ्नो भविष्य निर्माण गर्ने खोजीमा लागेका महिलाहरुका अगाडि यस्ता सोंच र मान्यता तेर्सिंदा महिलाका लागि यी बाधकका रुपमा देखापरेका छन्। हुन त आज कतिपय महिलाहरुले स्वतन्त्रता पाएका होलान् तर त्यो पूरा समाजका महिलाको स्थिति परिवर्तन नभइ कुनै निश्चित महिलाको मात्र परिवर्तन भएको हो। महिलाहरु पछाडि पारिएका छन्, दबाइएका छन् र प्रगति गर्न सकेका छैनन् यो यथार्थ हो। तर पछाडि पारिनुका कारक तत्व भनेर पुरुषलाई मात्र दोष दिनु पनि उपयुक्त नहोला। कुनै ठाउँमा महिलालाई अगाडि बढ्न नदिन वा बाधक पुरुष बनेको होला तर प्रत्येक कदम-कदममा पुरुषलाई दोष लगाएर आफू पन्छिन पाइँदैन। त्यही पुरुष बुबा, दाजु, काका, मामा......को माया वात्सल्य तथा स्नेह प्राप्त भएर नै महिला हुर्केका हुन्। त्यसैले आफू अगाडि बढ्न नसक्दा पुरुषमाथि मात्र दोष लगाई अवसरलाई बुझ्न नसक्नु आफ्नै कमजोरी हो। त्यसैले महिलाले आफ्ना अगाडि देखापरेका चुनौतीको सामना र अवसरलाई आलिङ्गन गर्न सके भने आफ्नो अस्तित्व कायम राख्न सक्छन्।

तुलनात्मक रुपले हेर्दा महिलाहरु पुरुषभन्दा संवेदनशील हुन्छन्। उनीहरुले घरको बोझ आफ्नो शिरमा थाप्ने भएको हुँदा तनावग्रस्त बन्न पुग्छन् जसका कारण हतारमा गलत निर्णय गर्छन् अनि मुखमा जे आउँछ विचार नै नगरी बोलिदिन्छन् जसले गर्दा आफ्नो व्यक्तित्व बनाउनुको बदला झन् विग्रन पुग्छ। त्यसैले समाजमा आफ्नो पहिचान कायम राख्न अस्तित्व सुरक्षित राख्न तथा आफ्नो व्यक्तित्व निर्माण गर्नका लागि केही उपायहरु पस्कने जमर्को गरिएको छ-

**मृदुभाषिः**

हुन त मीठो बोली महिलाका लागि मात्र नभई सबै मानिसका लागि उत्तिकै आवश्यक रहन्छ। त्यसमा पनि महिलाको बोली मिठो तथा आकर्षक हुनुपर्दछ। मिठो बोलि सुन्न सबै लालयित हुन्छन्। घरकी गृहणी होस् वा कार्यालयकी कर्मचारी, मिठो बोलीको प्रभावले नै सबैको प्रिय बन्न सक्छे। निश्चित रुपमा यस संसारमा कोही त्यस्तो मानिस छैन जसले मिठो बोली सुन्न रुचाउँदैन। तर अहिले 'अल्पविद्या भयङ्करी' भन्ने भनाई अनुरुप आफ्नो धरातल बिर्सिएर मिठो बोल्नुभन्दा झर्किएर रुखो बोली बोल्नमा अघि सरेको पाइन्छ। स्वास्थ्यका दृष्टिले पनि मिठो बोल्ने मानिसको शक्ति कम खर्च हुने र झर्किएर बोल्ने मानिसको शक्ति बढी खर्च हुन्छ। यही बोलीको प्रभावले नै मानिस आफ्नो वा पराइ हुने हो। त्यसैले मिठो बोली बोलेर अरुको मन जित्न सक्नु श्रेष्ठकर हुन्छ।

**कार्यमा नियमितता :**

'खाली दिमाग सैतानके घर, कुछ न कुछ किया करो, नही तो अपना पत्लुड उधारकर सिया करो' हिन्दीको भनाइ अनुसार महिलाले आफ्नो दिमागलाई व्यस्त राख्नुपर्दछ। सिर्जनात्मक काम नगरी यस्तो महत्वपूर्ण समय खेर फालियो भने कहिल्यै पनि अगाडि बढ्न सकिदैन। महिलाले कहिल्यै पनि समय तालिकाअनुसार काम गरेको पाईदैन। कुनै बेलामा विश्राम नगरी मरी मरी काम गर्छन् भने कुनै बेलामा घण्टौंसम्म अनावश्यक कुरा गरेर समय बिताउँछन्। यस्तो कामप्रतिको अनियमितताले महिलाहरुले अवसर प्राप्त गर्न सक्दैनन् अनि आफ्नो व्यक्तित्व विकास गर्न सक्दैनन्। त्यसैले कुनै पनि काम गर्दा समयतालिका बनाएर नियमित रुपमा काम गऱ्यो भने राम्रो मानिन्छ। त्यसकारण क्षमता अभिवृद्धि गर्नका लागि कार्यमा नियमितता महत्वपूर्ण उपाय मानिन्छ।

**पेशा र कार्यप्रति आस्थावानः**

स्वभावैले आजभोलि महिलाहरु घरभित्र मात्र सीमित नरही घरबाहिर पनि जाने गर्छन्। घरभित्र विहानदेखि बेलुकासम्म गरेको कार्यको कुनै मूल्यांकन नहुने र घरबाहिर ४ घण्टा काम गर्दा उसको कामलाई महत्व दिइने अनि प्रत्यक्ष आम्दानीसँग सरोकार राख्ने भएकाले नै यो स्थिति देखापरेको हो। तर कतिपय अवस्थामा 'नपाउँदा कस्तो पाउपछि सस्तो' भन्ने नेपाली उखान जस्तै बाहिर काम गरेको केही समयपश्चात कामप्रति जिम्मेवारीबोध नभएको देखिन्छ। काम सानो ठूलो हुँदैन। त्यसैले जस्तो काम गरिएको छ, त्यसप्रति सन्तोष भई वफादारीका साथ कर्तव्य निर्वाह गर्नुपर्छ। कामलाई मापन गरेर त्यसप्रति अरुचि बढाउनुभन्दा पेशा र कार्यप्रति सदैव आस्थावान हुनुपर्छ।

**अनुशासित, सदाचारी र चरित्रवानः**

अनुशासन, गुणी, राम्रो बानी मानिसका नभइ नहुने गुण हुन्। यिनै गुणले गर्दा नै आज मानिस प्राणीजगतको सर्वश्रेष्ठ कहलिएको हो। त्यसैले हाम्रो जीवनलाई मर्यादित र व्यवस्थित बनाउने मूल आधारका रुपमा यी तत्वलाई लिन सकिन्छ। कतिपय मानिसले अनुशासन केवल विद्यार्थीका लागि हो भन्ने भ्रम पनि पालेर बसेको देखिन्छ तर अनुशासन नभएको मानिस त पशुसरह कहलिन्छ। समाजमा उदाहरणीय र अनुकरणीय व्यक्तित्वका रुपमा उभ्याउने कारक भनेकै यिनै तत्वहरु हुन्। महिलाका लागि पनि यी तत्व अपरिहार्य छन्। महिला भनेका त सबैलाई बाँध्ने साङ्लो हुन्। त्यसैले यी तत्वलाई स्वीकार गरी अगाडि बढ्नुपर्छ। स्वतन्त्रताका नाममा स्वच्छन्दतालाई आलिङ्गन गर्नु हुँदैन। तर हिजो आज महिलाले यी आफ्ना अपरिहार्य गुणलाई बिर्सेको देखिन्छ किनभने पुरुषले गरे भने हामीले गर्न के भयो ? भन्ने जस्ता प्रश्न प्रतिप्रश्न गरेको अवस्थाले पनि स्पष्ट पार्छ। जबसम्म नैतिकता, आदर्श, चरित्रलाई स्वीकारिन्छ तबमात्र जिउनुको सार्थकता रहन्छ। त्यसैले यी तत्वहरु व्यक्तित्व निर्माणका लागि आवश्यक मानिन्छन्।

**समुदायमा मानिसको विश्वास जित्न सक्नुः**

मानिस सामाजिक प्राणी भएकै कारण समाजमा सबैसँग मिलेर बस्छ। माथि उल्लेख गरिएका बुँदाहरुमा रहेर काम गरेमा अवश्य पनि उसले समूदायका मानिसको विश्वास जित्न सक्छ, यदि उसले सानो भूल गरे पनि विश्वास टुट्न सक्छ। त्यस्तै संयमित भएर धैर्यवान बनेर आफ्नो शालिन व्यक्तित्व प्रदर्शन गर्नुपर्छ। यसले गर्दा समाजको राम्रो, असल उदाहरणीय अनुकरणीय व्यक्ति बन्न सकिन्छ। त्यसैले मेरो जीवन उद्देश्य, लक्ष्य, आदर्श, इज्जत, स्वाभिमान सबै यिनै हुन् भन्दै आत्मसात गऱ्यौं भने मात्र महिलाले आफ्नो अस्तित्व कायम राख्न सक्छन् र समुदायको विश्वास जित्न सक्छन्।माथि उल्लेख गरिएका उपाय नै पुरक होइनन्। यति नै मात्र हो भन्न पनि सकिदैन तर केही हदसम्म यिनलाई परिचालन गर्न सकियो भने जीवन जिएको सार्थक हुन्छ। यसरी महिलाले आफ्नो आचरण, संस्कार र संस्कृतिलाई बचाएर सकारात्मक सोँचका साथ अगाडि बढेमा मात्र आफ्नो अस्तित्व जोगिने तथा सुन्दर समाजको निर्माण गर्न सकिने भएकाले महिलाहरु सचेत र सजग हुनु अहिलेको आवश्यकता ठहर्छ। अवसर पाएनौ भन्नुभन्दा पनि अवसर सिर्जना गर्न सक्यौं भने हाम्रा अगाडि देखा परेका बाधक तथा खाडल नष्ट हुने कुरामा कुनै सन्देह नै छैन। महिलाको उत्थान अरुबाट सम्भव नभएका कारण स्वयं महिला नै सक्रिय भएर लाग्नुपर्छ, आफ्नो बाटो आफैं बनाउनुपर्छ र आफ्नो समाज आफैं सुन्दर बनाउनुपर्छ तब मात्र महिलाको उत्थान सम्भव हुन्छ।

# साहाराले वार्षिकोत्सव मनायो

**धादिङवेशी (धास)।** नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघका अध्यक्ष मिनराज कडेंलले महिला बचत तथा ऋण सहकारी संस्थामा आवद्ध महिलाहरुले सहकारीमा लागेर नेतृत्व बढाएको बताउनुभयो। नेप्सकुन अध्यक्ष कडेंलले साहारा महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड धादिङको एघारौ स्थापना दिवसका अवसरमा सो कुरा बताउनु भएको हो।संस्थाकी अध्यक्ष पार्वती खाँड चाम्लीङ राईको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरु एवं विभिन्न सरकारी तथा गैर सरकारी संघ/संस्थाका प्रमुख एवं प्रतिनिधिहरुले मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा संस्थाकी लेखा समिति सदस्य सीतादेवि खनालले संस्थाको विविध झलक प्रस्तुत गर्नुभएको थियो।

# बाख्रापालन कार्यक्रम अनुगमन

**केवलपुर (धास)।** केवलपुर गाविसको ९ वटै वडामा व्यवसायिक बाख्रापालन कार्यक्रम शुरु गरिएको छ। केवलपुर साना किसान कृषि सहकारी संस्थाले सञ्चालन गरेको कार्यक्रम अन्तरगत सो गाविसका बाख्रापालन गरिएका स्थानमा समय समयमा अनुगमन पनि गर्दै आएको छन।

साना किसान कृषि सहकारी संघ धादिङ र युनाईटेड मिशन टु नेपाल धादिङ क्लष्टरको सहयोगमा ६ महिना अघि देखि संचालन गरिएको बाख्रापालन कार्यक्रमको संयुक्त अनुगमन कार्य सम्पन्न भएको छ।

साना किसान कृषि सहकारी संघका रंगप्रसाद थपलिया, भगवती अधिकारी र अप्सरा अधिकारीको टोलीले संयुक्त रुपमा बाख्रा पालन, खोर तथा घांस व्यवस्थापनका विषयमा अनुगमन गरिएको थियो।

# नदीमा डुवेर बालक वेपत्ता

**कल्लेरी (धास)।** कल्लेरी गाउं विकास समितिको वडा नम्वर ४ केउरीनीटार नजिकवाट त्रिशुली नदीमा डुवेर एक बालक वेपत्ता भएका छन्। विहिवार दिउंसो ३:३० वजेतिर फुटवल खेलेर नदीमा पौडि खेल्न जांदा स्थानीय करीवहादुर राईका १० वर्षिय छोरा नदीमा डुवेर वेपत्ता भएका हुन्। वेपत्ता बालकको खोजि कार्य जारी रहेको प्रहरीले जनाएको छ।

# खुकुरी प्रहार गरि.......

आएकोले दाजुसंग रहेको रकम लिनकै लागि हत्या गरेको हुनसक्ने पनि केशवले बताउनु भयो।

साथीहरुसंग अत्यन्तै मिलनसार, सहयोगि स्वभाव भएका अमरलाई पैसाकै लागि भाई अर्जुनले हत्या गरेको हुन सक्ने अमरका अत्यन्त निकटको साथी बताउने स्थानीय भरत बराकोटिले बताउनु भयो। राती सुतिरहेको अवस्थामा टाउकोमा खुकुरी प्रहार गरि अर्जुनले दाजु अमरको हत्या गरेको र त्रिपालमा पोको पारी फाल्न समेत लागेको ईलाका प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक माधव काफ्लेले बताउनु भयो। दाजुको हत्या आफैंले गरेको र यसमा अरु कसैको संलग्नता नरहेको वयान प्रहरीलाई दिएको पनि प्रहरी निरीक्षक काफ्लेले बताउनु भयो। घटनाको थप अनुसन्धान भैरहेको पनि प्रहरी निरीक्षक काफ्लेले बताउनु भयो।


## आवश्यकता

**कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु मर्मत सेवा उपलब्ध गराउँदै आएको प्रतिक कम्प्युटरमा तपशिल बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले तु सम्पंक राख्नुहोला।**

पद : Technical Supporter (Computer)

आवश्यक संख्या : २

योग्यता : SLC उर्तिण वा सो भन्दा माथि, Computer hardware मा कम्तिमा ३ महिना काम गरेको

**तिलक क्षेत्री**

**फोनः ९८४१६५६१११, ९७५१०९७७७८**

**नोट : मोटरसाइकल चलाउनेलाई प्राथमिकता**

अब तपाईहरुको लागि

धादिङ आवाज साप्ताहिक प्रत्रिका

**Webside:**

**www.dhadingawaj.com.np** मा पनि

र्ना खुल्यो !भर्ना खुल्यो !! Admission Open